का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ भदौ २०७९,
मंगलबार
6 September 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २०, अंक २१३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

संसदको कार्यकाल तोक्ने प्रस्ताव

## सांसदहरुका थरी थरी संशोधन



प्रदेश र प्रतिनिधिसभाको कार्यकाल तोक्ने प्रस्तावमा कसैले प्रतावित व्यवस्था पुरै हटाउन, कसैले उम्मेदवारी दर्ताको अघिल्लोदिनसम्म कार्यकाल तोक्न त कसैले कार्यकाल चुनावपछिको पहिलो बैठकसम्मै राख्ने बरु मनोनयन दर्तापछि सांसदले सेवा सुविधा नपाउने संशोधन हालेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० भदौ ।

प्रतिनिधिसभाको कार्यकाल तोक्ने सरकारी प्रस्तावउपर बिभिन्न ११ वटा संशोधन प्रस्ताव दर्ता भएको छ। संघीय संसद सचिवालयका अनुसार प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका तर्फबाट बिभिन्न सात वटा प्रस्ताव परेको छ। सबैको प्रस्तावको सार एउटै छ- प्रदेश र प्रतिनिधिसभाको कार्यकाल मनोनयन दर्ताको अघिल्लो दिनसम्म रहने गरी कानुन बनाउने।

कानुन न्याय तथा संसदीय मामिलामन्त्रालयले संघीय संसद सचिवालयमा दर्ता गरेको विधेयकमा प्रतिनिधिसभा कार्यकालसम्बन्धी व्यवस्थामा 'प्रतिनिधिसभाको कार्यकाल गणना गर्दा त्यस्तो सभाको पहिलो बैठक बसेको दिनबाट गणना गरिनेछ,' भन्ने उल्लेख छ। साथसाथै, 'प्रतिनिधिसभाको नयाँ निर्वाचन भइ त्यस्तो सभाको पहिलो बैठक बसेको दिनबाट अघिल्लो कार्यकाल स्वतः समाप्त भएको मानिनेछ' भनी प्रष्ट व्याख्या गरिएको छ । प्रतिनिधिसभाको कार्यकालसम्बन्धी बहस चलिरहेका बेला सरकारले प्रतिनिधिसभाको पहिलो बैठक बसेको मितिलाई कार्यकाल सुरुवातको मिति मान्ने प्रस्ताव गरेको हो। ४ मंसिरमा हुने प्रतिनिधिसभाको चुनावको रिजल्ट आउन विगतको अभ्यास अनुसार तीन सातासम्म लाग्नेछ। त्यसपछि शपथ – बाँकी पृष्ठ २ मा

## सभामुखबाट नागरिकता विधेयक प्रमाणित

सभामुखबाट नागरिकता विधेयक प्रमाणित भएपछि प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुगेको छ । विगतका फिर्ता पठाएका विधेयक हुबहु पुनः पारित भएर फर्किएकाले राष्ट्रपतिले के गर्छिन भन्ने आम चासो छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० भदौ ।



सभामुख अग्नि प्रसाद सापकोटाले नागरिकता ऐन संशोधन गर्न बनेको विधेयक प्रमाणित गरेका छन्। सभामुख अग्नि सापकोटाको सचिवालयका अनुसार सभामुखले प्रमाणित गरेपछि विधेयक राष्ट्रपति कार्यालयमा पठाइएको हो ।

सभामुखबाट प्रमणित भएर नागरिकता विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति विद्यादेवी भण्डारीकहाँ पुगेको छ। विगतमा फिर्ता पठाएका विधेयक हुबहु पुनः पारित भएर फर्किएकाले राष्ट्रपतिले के गर्छिन भन्ने आम चासो छ। १५ बुँदे सन्देशसहित फिर्ता गरेको नागरिकता विधेयक प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवैबाट हुबहु पारित भएर सभामुख सापकोटाले प्रमाणित गरेपछि विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुगेको हो ।

राष्ट्रपति विद्यादेवी भण्डारीले २९ साउनमा पुनर्विचारका लागि नागरिकता विधेयक फिर्ता गरेकी थिइन् । त्यसको दुई दिनपछि नै सत्तारुढ गठबन्धनले प्रतिनिधिसभाबाट नागरिकता विधेयक हुबहु पास गर्ने निर्णय गऱ्यो। २ भदौमा एकदिन छलफल गरेर सत्तारुढ दलहरुको बहुमत प्रतिनिधिसभाले विधेयक पास गऱ्यो। राष्ट्रिय सभाले भने केही दिन लगायो । राष्ट्रियसभाले विधायन समितिमा पठाउने औपचारिकता पूरा गरे पनि कुनै संशोधन भएन।

राष्ट्रपतिबाट फिर्ता भएको विधेयक पुनर्विचार गर्नैपर्छ भन्ने बाध्यकारी छैन। संविधानत संघीय संसदबाट प्रस्तुत रूपमा (जस्ताको तस्तै) वा संशोधन सहित पारित हुन सक्छ।

'राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ' संविधानको धारा ११३ उपधारा (४) मा भनिएको छ। अर्थात, अब यो विधेयकलाई राष्ट्रपति भण्डारीले १५ दिनभित्र – बाँकी पृष्ठ २ मा

प्रदेशको सधैंको गुनासो

## 'संघले अधिकार दिएन'



तीनवटै सरकारको समान अस्तित्व छ, संघको मातहतमा प्रदेश र स्थानीय तह होइनन् । प्रदेशलाई संघको प्रशासनिक एकाइको रूपमा बुझ्न भएन । साथसाथै, एक सरकारले अर्को सरकारलाई गाली गरेर पनि संघीय प्रणाली सफल हुँदैन । तीन वटै तहकाबीच प्रभावकारी समन्वय हुनुपर्छ ।

■ **राजेन्द्र श्रेष्ठ**
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री



हामीले सोचेको संघीयताको कार्यान्वयन भनेको स्रोत, संरचना र अधिकार बाँडफाँड हो। यो तीन वटै कुरा हस्तान्तरण गरेर मात्रै संघीयता बलियो हुन सक्दछ । तर अहिले स्रोत पनि तल झरेको छैन । संरचना पनि राम्रोसँग झरेको छैन । अधिकार पनि अडकलीअडकली दिने गरिएको छ ।

■ **राजेन्द्र पाण्डे**
मुख्यमन्त्री, बाग्मती प्रदेश

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० भदौ ।

देशमा संघीयता लागू भएबाटै तहगत सरकारबीच अधिकार र कार्यजिम्मेवारीको बाँडफाँड भएपनि प्रदेश सरकारले भने अधिकार नपाएको गुनासो गर्दै आएका छन्। संघले अधिकार हस्तान्तरणमा ढिलाई गर्दा काममा असहजता मात्रै नभएर संघीयता नै धरापमा परेको भन्दै मुख्यमन्त्रीदेखि सांसदहरुले समेत आलोचना गरेका हुन् । संविधानले दिएको अधिकार बाँडफाँट, स्रोतको सुनिश्चितता र प्रशासनिक व्यवस्थापनमा संघीय सरकार चुकेको भन्दै आलोचना बढेको हो ।

बाग्मती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले संघीय सरकारले अझै पनि तत्काल हस्तान्तरण गर्नुपर्ने २९ वटा अधिकार हस्तान्तरण नगरेको भन्दै केन्द्रीय सरकारलाई मुद्दा हाल्ने चेतावनी समेत दिएका छन् ।

'हामीले सोचेको संघीयताको कार्यान्वयन भनेको स्रोत, संरचना र अधिकार । यो तीन वटै कुरा हस्तान्तरण गरेर मात्रै संघीयता बलियो हुन सक्दछ । तर अहिले के गरियो भन्दा स्रोत पनि तल झरेको छैन । संरचना पनि राम्रोसँग झरेको छैन । अधिकार पनि अडकलीअडकली दिने गरिएको छ ' उनले भने। साथै सरकारले संविधानविरोधी विधेयक ल्याएर प्रदेशलाई कमजोर बनाउन खोजेको उनको आरोप छ।

त्यस्तै, बागमती प्रदेशसभा सदस्य रमा आले मगरले प्रदेश सरकारले आफ्नो अधिकार लिन मुद्दा हालेर – बाँकी पृष्ठ २ मा

## १० हजार ८८८ मतदानस्थल कायम

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २० भदौ ।

आम-निर्वाचन: २०७९

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि देशभर १० हजार आठ सय ८८ मतदानस्थलको संख्या कायम गरेको छ । गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा १० हजार सात सय ५६ मतदानस्थल रहेका थिए।

आयोगले मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ बमोजिम मतदान व्यवस्थापनलाई प्रभावकारी बनाउन तथा मतदातालाई मतदान प्रक्रियामा सहज पहुँचका लागि मतदाताको संख्या, सुविधा एवम् सुरक्षाको अवस्था समेतलाई मध्यनजर गरी केही मतदानस्थल पुनरावलोकन गरेको छ। कार्यविधिमा भएको व्यवस्था बमोजिम मिति २०७९ साउन १ गतेदेखि मतदानस्थल पुनरावलोकन कार्यक्रम सञ्चालन गरी मतदाताको सघनता, मतदानस्थलसम्मको पहुँच, भवन, सञ्चार, विद्युत्, यातायातलगायत पूर्वाधारको अवस्था, सुरक्षा एवम् भौगोलिक अवस्था र निर्वाचनका सरोकारवालाको सहमतिका आधारमा जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट प्राप्त – बाँकी पृष्ठ २ मा

## गृह मन्त्रालयको कार्यविधिले भिजिट भिसामा गएर अलपत्र पर्ने क्रम घटाउला ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० भदौ

अध्यागमन विभागले पर्यटक (भिजिट) भिसामा विदेश प्रस्थान अनुमति व्यवस्थापन सम्बन्धी कार्यविधि-२०७९ जारी गरेपछि रोजगार आकांक्षी युवाहरूलाई विदेशमा अलपत्र पार्ने क्रममा नियन्त्रण हुने अपेक्षा बढेको छ।

वैदेशिक रोजगार व्यवसायीहरू मार्फत जाँदा अनावश्यक ढिला हुने र नेपालबाट तोकिएको कम्पनीमा जस्तो भएपनि काम गर्नुपर्ने बाध्यता हुने भन्दै रोजगार आकांक्षीहरू भड्काई दलालहरुले वर्षौंदेखि गरिरहेको मावन तस्करी धन्दालाई पछिल्लो कार्यविधिले निरूत्साहित गर्ने अपेक्षा बढेको छ। उक्त कार्यविधि पहिलो चरणमा मलेसिया, खाडी मुलुक, अफ्रिकी मुलुक र दक्षिण अमेरिकी मुलुक जाने नेपालीहरूका हकमा लागू हुने छ । भिजिट भिसामा गएर अलपत्र पर्ने प्रमुख गन्तव्य यिनै हुन् ।

नेपालमा संस्थागतरूपमा वैदेशिक रोजगारीमा कामदार पठाउन ८ सय ७० भन्दा बढी म्यानपावर कम्पनी क्रियाशील रहेको अवस्थामा कोरोना भाइरसको संक्रमण कम भई अन्तर्राष्ट्रिय उडान शुरू भएपछि मात्रै कानूनी प्रक्रिया छलेर एक लाखभन्दा बढी युवायुवतीहरूलाई खाडीका विभिन्न मुलुकमा पुऱ्याइएको छ। छोटो समयमा धेरै कमाउने र इच्छा अनुसार घुम्न पाउने आश्वासनमा लगिएकाहरूको विदेशमा अलपत्र पर्ने संख्या पनि उत्तिकै बढिरहेको छ ।

कार्यविधि जारी भएपछि भिजिट भिसामा जान कम्तीमा वार्षिक ४ लाख रुपैयाँ आम्दानी गरी कर प्रणालीमा आवद्ध भई कम्तीमा २ लाख रुपैयाँ बैंकमा मौज्दात रहेको बैंक स्टेटमेन्टसमेत पेश गर्नुपर्ने प्रावधान राखिएको छ । कतिपय अधिकारकर्मीहरू यस्तो प्रावधानले व्यक्तिको संविधान प्रदत्त स्वतन्त्रतापूर्वक आवागमनको अधिकार कुण्ठित गर्ने बताउँछन् ।

तर गृह मन्त्रालयको भनाइ भने फरक छ। गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेल कार्यविधिको बचाउ गर्दै भन्छन्, 'आयका आधारमा कर तिरेको प्रमाण, – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### जापान पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा एक पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीमा जापान पठाइदिन्छु भनी रकम ठगी गरेको आरोपमा प्रहरीले एक जना महिलालाई पक्राउ गरेको छ । वर्किङ भिसामा जापान पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिहरूबाट १३ लाख रुपैयाँ लिएर सम्पर्कविहीन भएको अभियोगमा मोरङको रतुवामाई नगरपालिका-९ घर भई हाल ललितपुरको बालकुमारी बस्ने ३८ वर्षीया मिना सुब्बा पक्राउ परेकी हुन् । उनीमाथि वैदेशिक रोजगार ऐन अनुसार अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाइएको प्रहरीले जानकारी दिएको छ ।

UAE मा रोजगार | १. कम्पनी: BARARI NATURAL RESOURCES
शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०५/१५ चलानी नं.: ६०१८६४३८ LT. No.: 270871

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 100 | 0 | स. काममा दक्ष | 800 | २७,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI I
शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०३/२३ चलानी नं.: ६०१८२७४० LT. No.: 266794 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ६९,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वाता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ २२ र २३ गते (7 & 8 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९
9810101810, 9813916322, 9851100426 Email: futurestarmp397@gmail.com
Jhapa Birtamod :- 023-543784 ,9816915286 9823145954
साथै यसै कम्पनीको लागी Manager - 1 (M/F), Office Secretary - 1 (F), Documentation - 2 (M/F), Labor Representative - 1 (M), PRO - 6 (M/F) को आवश्यकता रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

# काठमाडौं महानगरले सय बढी अवैध संरचना भत्कायो



काठमाडौं/मस- काठमाडौं महानगरपालिकाले एक सय बढी अवैध संरचना डोजर लगाएर भत्काएको छ । कामपाले आइतबार र सोमबार महानगरका विभिन्न स्थानमा बनाइएका संरचना भत्काएको हो । कामपाले यही भदौ ६ गतेदेखि अवैध संरचना भत्काउन सुरु गरेको थियो । सोमबार नयाँ बसपार्कबाट गोङ्गबुतर्फ २० मिटर अगाडि मित्रनगरमा रहेको ५० बढी अवैध संरचना भत्काइएको कामपाले जनाएको छ । यसरी भत्काइएका संरचनाअन्तर्गत सडक पेटी मिचेर बनाइएका सटर, टहरा, सटर अगाडिका छत र सडक मिचेर बनाइएका भऱ्याङ रहेको कामपाका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले जानकारी दिए ।

आइतबार कोटेश्वर प्रहरी चौकी नजिकैको ५० बढी अवैध संरचना भत्काइएको थियो । कामपाले यसअघि बानेश्वरमा रहेको बानेश्वर कम्प्लेक्समा निर्माण भएका अवैध संरचना, काठमाडौं मलका अवैध संरचना, आर बि कम्प्लेक्सका करिब १४ साना पसल र बानेश्वरमा रहेको अल्लाबिटामा निर्माण विपरीत प्रयोग भएका संरचना भत्काइएका छ ।

यही सन्दर्भमा केही दिनअघि सानो भऱ्याङमा रहेको अवैध सात टहरा पनि भत्काइएको छ । त्यसैगरी वल्ड ट्रेड सेन्टरमा अनधिकृत रुपमा राखिएको विद्युतीय विज्ञापन पनि हटाइएको छ । नक्सा अनुरुप निर्माण नभएको, नक्साअनुसार निर्माण भए पनि सोहीअनुसार प्रयोग नभएको र सार्वजनिक जग्गा मिचेर निर्माण भएका सबै संरचना अवैध ठहर गर्दै कामपाले आगामी दिनमा त्यस्ता सम्पूर्ण संरचना निरन्तर भत्काउने अठोट कामपाको छ ।

हाल बेसमेन्ट र अन्डरग्राउन्ट पार्किङ राख्ने सर्तमा कर छुट लिइरहेका ३५ भवन रहेको कामपाले जनाएको छ । ती सबैलाई कानुनी दायरामा ल्याउने कामपाले जनाएको छ । कामपाले यही भदौ ६ गतेदेखि अवैध रुपमा निर्माण भएका र निर्माण भए अनुरुप प्रयोजन नभएका संरचना भत्काउन थालेसँगै अन्य स्थानीय तहले पनि यसलाई अनुशरण गर्न थालेका छन् ।

## संसदको...

ग्रहण मिति तय हुनेछ । विधेयक अनुसार शपथ सकिएर पहिलो बैठक बस्ने मिति तय भएपछि प्रतिनिधिसभाको कार्यकाल सकिन्छ ।

तर, सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसका तर्फबाट भने यस्तो प्रस्तावको पक्ष र विपक्षमा तीन थरीका तीन वटा प्रस्ताव दर्ता भएको छ । महामन्त्री समेत रहेका गगन थापाले प्रदेश र प्रतिनिधिसभाको कार्यकाल उम्मेदवारी दर्ताको अघिल्लो दिनसम्म रहने भनी संशोधन प्रस्ताव दर्ता गरेका छन् ।

कांग्रेसकै सचेतक मीन विश्वकर्मा लगायतले भने प्रदेश र प्रतिनिधिसभाको कार्यकाल तोक्ने सम्बन्धी व्यवस्था रहेको दफा १३ र १४ दुबै हटाउने प्रस्ताव गरेका छन् । कांग्रेसका विषयमा अनावश्यक गलत प्रचार गरिएका कारण यो व्यवस्थाबारे मौन रहनेमा कांग्रेस पुगेको कतिपयको आंकलन छ ।

फेरि कांग्रेसकै सांसद अत्तहर कमाल मुसलमानले सरकारी प्रस्तावको समर्थन गरेका छन् । सरकारी प्रस्तावमा अर्को एउटा प्रतिवन्धात्मक वाक्य थपेर मनोनयन दर्ता पछि सांसदले सेवा सुविधा नपाउने भनेर जानुपर्ने उनको संशोधन प्रस्ताव रहेको छ ।

कांग्रेका तर्फबाट थरी थरीको प्रस्ताव आउनुले सरकारको प्रष्ट धारणा आएको छैन् । तर, अर्को चुनाव भएपछिको बैठकसम्म कार्यकाल तोकेर सरकारले सांसदहरुको कार्यकाल लम्ब्याउन खोजेको भनी व्यापक विरोध भएपछि सत्ता गठबन्धन यो प्रस्तावमा पछाडि हटेको आशंका गरिएको छ । निर्वाचन आयोगले समेत निर्वाचन सम्बन्धी कानुन संशोधन गर्दा आफूहरुको राय नलिएको भनी प्रश्न उठाएको थियो । यसकारण पनि सरकार दबाबमा परेको नेताहरुको भनाई रहेको छ ।

## सभामुखबाट...

प्रमाणीकरण गर्नुपर्नेछ । यसको विकल्प नरहेको संविधान र कानुनका जानकारहरु बताउँदछन् ।

राष्ट्रपतिले भने यो विधेयकका विषयलाई लिएर आफू निकटका व्यक्तिहरुसँग राय परामर्श लिएकी छन् । उनले के गर्लिन भन्ने यकिन छैन् । संविधानविद भिमार्जुन आचार्यका अनुसार राष्ट्रपतिले जे जस्तो सल्लाह लिए पनि विधेयक प्रमाणीकरण गर्नुको विकल्प भनेको राजीनामा दिनु रहेको बताउँछन् । अन्यथा नागरिकता विधेयक प्मा‍णीकरण हुने उनको विश्वास छ ।

## प्रदेशको ...

अगाडि बढ्नुपर्ने बताएकी छिन् । 'संघीय सरकारले सजिलै प्रदेश सरकारलाई अधिकार नदिने भएकाले मुद्दा हालेर अधिकार ल्याउनुपर्छ' उनले भनिन् ।

अर्का प्रदेश सांसद माधव पौडेलले प्रदेश सरकारलाई दिएको अधिकारसंघीय सरकारले कटौती गरेको आरोप लगाएका छन् । 'संघीय सरकारले प्रदेश तथा स्थानीय तहसमेतको कर्मचारी सरुवा बढुवा र नियुक्ति गर्ने काम आफैं गर्ने गरेको भन्दै त्यो अधिकार प्रदेश सरकारलाई दिनुपर्छ' उनले भने । साथै प्रदेशले बनाएको नीति निर्माण कार्यान्वयनमा समेत संघीय सरकारले अवरोध गरेको उनको दाबी छ ।

यद्यपि, सामान्य प्रशासन मन्त्री राजेन्द्र श्रेष्ठ संघले प्रदेशको अधिकार खोस्न नमिल्ने कुरामा सहमति जनाउँछन् । 'तीनवटै सरकारको समान अस्तित्व छ, संघको मातहतमा प्रदेश र स्थानीय तह होइनन्, प्रदेशलाई संघको प्रशासनिक एकाइको रूपमा बुझ्न भएन' उनले भने । साथै उनले एक सरकारलाई मात्रै गाली गरेर संघीय प्रणाली सफल नहुने भन्दै तीन वटै तहका सरकार, जनप्रतिनिधि र कर्मचारीबीच प्रभावकारी समन्वय हुनुपर्ने पनि बताएका छन् । पटक पटक संघले प्रदेशको अधिकार कुण्ठित गरेको आरोप लाग्दापनि संघ सरकारले उक्त समस्या समाधानका लागि प्रभावकारी भूमिका भने खेलेको पाईंदैन ।

## १० हजार...

सुझावका आधारमा पुनरावलोकन गरिएको हो । सोही आधारमा जिल्लाभरका मतदानस्थल पुनरावलोकन हुँदा एक हजार एक सय २३ मतदानस्थलको त्रुटि सच्याइएको, साविकका तीन सय ६५ मतदानस्थलबाट सबै मतदाता स्थानान्तरण गरी तीन सय ६४ मतदानस्थल निर्धारण गरिएको छ । एक सय ६३ मतदानस्थलबाट आंशिक मतदाता स्थानान्तरण गरी एक सय ६९ मतदानस्थल निर्धारण गरिएको साथै २८ मतदानस्थलका सबै मतदातालाई २८ वटै मतदानस्थलमा र १५ मतदानस्थलका आंशिक मतदातालाई स्थानान्तरण गरी १३ वटा मतदान स्थलमा गाभिएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले देशभरका मतदानस्थलको संख्या १० हजार आठ सय ८८ पुगेको जानकारी दिए । यसअघि देशभरका जम्मा १० हजार सात सय ५६ मतदानस्थल रहेका थिए । मतदानस्थल पुनरावलोकन गर्दा देशभरका चार सय एक मतदानस्थललाई हटाइ नयाँ मतदान स्थल निर्धारण गरिएको छ ।

मतदानस्थल पुनरावलोकन भएपश्चात् स्थानीय तहको निर्वाचन, २०७९ को समयमा मतदान गर्नका लागि बास बस्नुपर्ने, निकै टाढा टाढासम्म हिँड्नुपर्ने लगायतको गुनासो सम्बोधन भई मतदातालाई मतदानस्थलसम्मको पहुँच सहज भई निर्वाचनमा मतदाताको सहभागिता अझ बढ्ने अपेक्षा आयोगले गरेको छ ।

## गृह...

दोहोरो हवाई टिकट, सम्बन्धित देशमा होटल बुकिङ गरेको प्रमाण र परिवारका कुनै एक सदस्यको नाममा बैंक खाता हुनुपर्ने व्यवस्थाले व्यक्तिको सुरक्षाको पाटोलई प्रभावकारी बनाउँछ ।'

गृह मन्त्रालयले भिजिट भिसा रोक्न पटक-पटक निर्देशन दिँदै आएको छ । तर त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयमा कार्यरत गृह मन्त्रालयकै केही कर्मचारीले मन्त्रालयको निर्देशन एकातिर पन्छाएर नेपालबाट रातको समयमा उडान भर्ने एयरलाइन्सहरूसँग मिलेमतो गरी भिजिट भिसाका यात्रु उडाउने गरेको धेरै अगाडिदेखि टिप्पणी हुँदै आएको छ ।

# मानव बेचबिखन न्यूनीकरणका लागि शिक्षा र रोजगारी आवश्यक




**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, २० भदौ

कपिलवस्तुको चन्द्रौटामा सरोकारवालाहरुले मानव बेचबिखन कम गर्न शिक्षा र रोजगारी हुनुपर्नेमा जोड दिएका छन् । १६ औं अन्तराष्ट्रिय मानव बेचबिखन विरुद्ध दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेश सभा सदस्य अर्जुन कुमार केसीले मानव बेचबिखनमा नागरिकहरू सचेत भए पनि विभिन्न प्रलोभनले बेचबिखन तथा ओसारपसार भइरहेको बताए ।

सामाजिक सञ्जाल तथा मोबाइलको दुरुपयोग गर्दै महिला दिदिबहिनिहरुलाई विभिन्न बहानामा भारत तथा तेस्रो मुलुक लैजाने र त्यहाँ शोषण गर्ने गरेको बताए । 'विभिन्न सङ्घ संस्थाले न्यूनीकरणको लागि प्रयास गरिरहेका छन्, खुल्ला सीमा लगायतको कारणले पनि बेचबिखन बढ्दो छ, केसीले भने । 'शिक्षित र रोजगारी सिर्जना भएमा बेचबिखन धेरै कम हुने छ ।'

उनले मानव बेचबिखनसँगै लागुऔषध प्रयोग पनि बढेकोप्रति दु:ख व्यक्त गरे । बालबालिकाहरूलाई प्रयोग गरी लागुऔषध ओसारपसार भइरहेकोले यसको नियन्त्रणको लागि आफ्ना छोराछोरीको विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

शिवराज नगरपालिकाका प्रमुख अजय थापाले नेपालमा मानव बेचबिखनको घटनाहरू धेरै रहेकोले सबै सचेत हुनुपर्ने बताए । नगरपालिकाले विभिन्न सङ्घ संस्थासँग सहकार्य गरी न्यूनीकरणको लागि काम गर्न तयार रहेको बताए ।

उपप्रमुख शिवकुमारी थारुले महिलाहरूलाई भारतमा पुऱ्याई कोठीमा राख्ने, यौन शोषण गर्ने, डान्स बारमा काम लगाउने, इच्छा विपरीतका काम गराई शोषण गर्ने गरेको बताइन् । महिलाहरू सजग भई लोभलालचमा फस्न नहुने उनको भनाइ थियो ।

वडा प्रहरी कार्यालय चन्द्रौटामा प्रमुख कपिलजंग साहीले मानव बेचबिखन तथा ओसारपसार अपराधको रूपमा रहेको भन्दा कानूनी कारबाहीको बारेमा सचेत गराएका थिए । व्यापार संघकपिलवस्तु अध्यक्ष महादेव पोखेल, चन्द्रौटा उद्योग वाणिज्य संघका अध्यक्ष ईश्वरी प्रसाद पाण्डेय, राष्ट्रिय मानव अधिकार प्रतिष्ठान कपिलवस्तुका सभापति विष्णु प्रसाद खतिवडा लगायतले मानव बेचबिखन विरुद्ध अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए ।

मानव बेचबिखन विरुद्ध काम गर्दै आएको शान्ति पुनर्स्थापन गृह लगायत संस्थाको आयोजनामा भएको चेतनामूलक र्‍याली चन्द्रौटा प्रहरी चोकदेखि खसी बजार हुँदै पुन: दुर्गा मन्दिर परिसरमा पुगेर कोणसभामा परिणत भएको थियो । शान्ति पुनर्स्थापन गृहका सुशीला खनालको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न सङ्घ संस्थाहरुको सहभागिता रहेको थियो ।


## मलेसियामा रोजगारको अवसर

१. कम्पनी : KEWCAST INDUSTRIES SDN. BHD.
शहर: MALAYSIA
पुर्व स्वीकृत मिति: २०७९/०५/२०    चलानी नं.: ६०१८६९६७    L.T. No.: 270957

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : KEWPUMP (M) SDN. BHD.
शहर: MALAYSIA
पुर्व स्वीकृत मिति: २०७९/०५/२०    चलानी नं.: ६०१८६९६६    L.T. No.: 270956

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा भदौ २८ गते (13 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्न | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

PEOPLE HRS PVT. LTD.
Gov. Lic No. 1475/074/075
Sinamangal-9, Kathmandu, Tel.: 4110617, Mob.: 9851046164
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org


# जिल्ला प्रहरी कार्यालय बाँके सम्मानित




**पवन जायसवाल/मध्यान्ह**
काठमाडौं, २० भदौ

जिल्ला प्रहरी कार्यालय बाँके सम्मानित भएको छ । मानव बेचबिखन तथा ओसारपसार विरुद्धको १६ औं राष्ट्रिय दिवसको अवसरमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले प्रहरी कार्यालय बाँकेलाई सम्मान गरेको हो ।

नेपाल प्रज्ञा- प्रतिष्ठान कमलादी काठमाडौंमा आयोजित एक कार्यक्रममा मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार, रोकथाम, नियन्त्रण र अनुसन्धानको क्षेत्रमा पीडित/प्रभावितहरुको उद्धार तथा न्यायमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै जिल्ला प्रहरी कार्यालय बाँकेलाई सम्मान गरिएको हो । कार्यक्रममा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री उमा रेग्मीले जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रमुख, प्रहरी उपरीक्षक श्याम कृष्ण अधिकारीलाई सम्मान-पत्र हस्तान्तरण गरेकी थिइन् ।


## मलेशिया र साइप्रसमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: SAN SENG LEE (MERSING) SDN BHD    शहर: Malaysia,jalan
पूर्व स्वीकृत मिति: २०७९/०५/२०    चलानी नं.: ६०१८६९४३    L.T. No.: 270803

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: MJB FORESTRY SDN BHD    शहर: Malaysia,SELANGOR
पूर्व स्वीकृत मिति: २०७९/०५/२०    चलानी नं.: ६०१८६९४४    L.T. No.: 270802

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD.    शहर: Cyprus,LARNACA
पूर्व स्वीकृत मिति: २०७९/०५/२०    चलानी नं.: ६०१८६९४२    L.T. No.: 271290

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker / Labour | 5 | 10 | सम्बन्धित काममा दक्ष | 500 | ६३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 2 | 0 | | 900 | ११४,१०२ | | | | | | | |
| 3. | Domestic Worker | 0 | 3 | | 315 | ३९,९३६ | | | | | | | |

४. कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD.    शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०७९/०५/२०    चलानी नं.: ६०१८६९६५    L.T. No.: 271291

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker / Labour | 5 | 10 | सम्बन्धित काममा दक्ष | 500 | ६३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 2 | 0 | | 900 | ११४,१०२ | | | | | | | |
| 3. | Domestic Worker | 0 | 3 | | 315 | ३९,९३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २८ गते (13 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com

## कतारमा रोजगार

१. कम्पनी: ELEGANCIA FACILITIES MANAGEMENT
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/११/१६    चलानी नं.: ६०१७५२०५    L.T. No.: 258779    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 88 | 0 | स. काममा दक्ष | 1000 | ३४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: Elegancia Facility Management Services Wll    शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०२/२५    चलानी नं.: ६०१८०६३४    L.T. No.: 264560    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 0 | 5 | स. काममा दक्ष | 1000 | ३४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २८ गते (13 September 2022) मा हुनेछ ।



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।



ADVANCED MANAGEMENT CONSULTANTS PVT.LTD.
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074/075
एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्राली
+977-1-4964211, 9801081083, 9801080182
Samakhushi-26, Kathmandu, Nepal
info@amgroup.com.np   www.amgroup.com.np

## कतारमा रोजगारको अवसर

कम्पनी : AL SUWAIDI TECHNICAL SERVICE
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०५/२०    चलानी नं.: ६०१८६९६९    L.T. No.: 271279

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २८ गते (13 Sept. 2022) मा हुनेछ ।



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।



Elmira Manpower Service Pvt. Ltd.
License No.: 1067/073/074
P.O.Box: 9883, Basundhara, Kathmandu, Nepal, Tel: 977-014963814, 015909815
Fax : 4016788, Mob:9851068108, 9851188820
Email: info@elmiramanpower.com, Web.: www.elmiramanpower.com

# विपन्न बालबालिकाको भविष्य कोर्ने सुजा मल्ल

सागर भण्डारी/मध्यान्ह
गुल्मी, २० भदौ

गुल्मीको सत्यवती गाउँपालिकाकी हिमा माझी आफ्नो छोरोले पढिरहेको विद्यालयमा भेट्न बुटवल पुगिन्। विपन्न परिवारकी उनलाई छोरो बढाउने र पढाउने चिन्ताले पटक-पटक पिरोलिरहन्थ्यो । १२ वर्षीय महेशको प्रगती देखेर उनका आँखा रसाए ।

महेश अहिले २ कक्षामा पढ्छन्। उनी निकै मेहनती र समर्पित विद्यार्थी हुन् । विद्यालयमा उत्कृष्ट नतिजाका साथ पढाई गरेपछि विद्यालयले उनलाई कक्षा यू केजीबाट सिधै २ कक्षामा भर्ना गरेको छ । छोरालाई सरकारी विद्यालयसम्म पढाउन सकिन्न की भन्ने पीडा बोकेकी उनलाई निजी विद्यालयमा पढाउनु भनेको त 'आकाशको फल आँखा तरी मर' भनेजस्तै थियो ।

तर कोही नभएपनि भगवान छन् भनेजस्तै उनको जीवनमा भगवान बनेर आईन सुजा मल्ल मास्के । महेश अहिले होस्टेल बसेर पढिरहेका छन् । उनी जस्तै झण्डै १६ जना बालबालिकालाई अहिले मास्केले नेपालका विभिन्न स्थानमा रहेका विद्यालयहरुमा पढाईरहेकी छिन्। आर्थिक अभावमा विद्यालयसम्म पुग्न नसकेका र अभिभावकविहिन थुप्रै बालबालिकालाई विद्यालय ल्याउन सुजाको अभियान नै चलेको छ ।

परिवारसहित अमेरीकामा रहेकी मास्केले थुप्रै बालबालिकाहरुलाई आफ्नो व्यक्तिगत र पारिवारिक तथा केही व्यक्तिहरुको सहयोगमा विद्यालय पढाईरहेकी छिन् । गरिब तथा विपन्न परिवारका बालबालिका जो पैसाकै अभावले विद्यालय पढ्न पाएका छैनन्, उनीहरुको विद्यालय पढ्ने सपनालाई साकार पारिरहेकी छिन् मास्केले ।

उनकै सहयोगमा अहिले सुर्खेतको ईलाईट सेकेण्डरी बोर्डिङ स्कुलमा १४ जना, मुर्गियाको सुनगाभा उच्च माध्यमिक विद्यालयमा २ जना विद्यार्थीहरुले अध्ययन गरिरहेका छन्। त्यस्तै बुटबलको एक विद्यालयमा पनि १ जना बालकले अध्ययन गर्दैछन् । उनीहरु मध्ये केहीलाई आवश्यकता अनुसार होस्टेलमा समेत निशुल्क बस्ने व्यवस्था मिलाइएको छ । उनीहरुको खर्चको सम्पूर्ण जिम्मेवारी मास्केले लिएकी छिन् । युट्युब मार्फत विपन्न बालबालिकाको भिडियो सामग्री हेरेपछि उनले सहयोगका लागि हात अगाडि बढाएकी हुन् । ती बालबालिकाहरुको अवस्थाका बारेमा पत्रकार रेशम बोहोरा र दिपक नेपालीले युट्युबमा भिडियो सामग्री बनाएर प्रशारण गरेका थिए ।

सबै बालबालिकाको राम्रो हेरचाह भइरहेको छ । विद्यालयका अतिरिक्त उनीहरुलाई होस्टेलमा ट्युसन पढाउने व्यवस्था गरिएको छ । वर्षमा एकपटक बालबालिका विद्यालय घुम्न जान्छन् । त्यस्तै उनीहरुलाई विभिन्न मनोरञ्जनका कार्यक्रमहरुमा समेत सहभागी गराईने गरिएको छ । कक्षा १२ सम्म ती बालबालिकाको शिक्षालाई सहयोग गर्ने योजना बनाएको र त्यसपछि पनि राम्रो अध्ययन गरेमा उच्च शिक्षा पनि अध्यापन गराउने आफ्नो योजना रहेको सुजाले बताइन् ।

ती बालबालिकाहरुले राम्रो अध्ययन गरिरहेका छन्। सुर्खेतका दीया नेपाली र अर्जुन नेपालीले विद्यालय प्रथम हुँदै आएका छन् । विद्यालयले समय समयमा उनीहरुको प्रगती सुनाउँदा दियालाई निकै खुसी लाग्छ । 'बच्चाबच्चीहरुले मलाई आन्टी र कसैले दिदी भन्छन् उनले भनिन् म महिनामा कम्तिमा एक पटक बच्चाहरूसँग कुरा गर्छु ।' सुजाले उनीहरुलाई सामाजिक सञ्जालको मार्फतबाट कुराकानी गर्छिन् । भेटमा उनीहरुले आफ्ना प्रगती सुनाउँछन् भने सुजाले उनीहरुका प्रतिभा समेत सुनाउन लगाउँछिन् ।

सुनगभा विद्यालयका प्रिन्सिपल तिलब केसीले अमेरीकामा बसेर नेपालका अभिभावक विहिन तथा अन्य शिक्षाको पहुँचमा नपुगेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा जोड्न सुजा मास्केले गरेको कार्य निकै सह्रानीय रहेको बताए। 'हाम्रो विद्यालयमा अभिभावक नभएका एकजना र १ जना विपन्न बालबालिकाको अध्ययनका लागि सहयोग गर्नुभएको छ' केसीले भने । 'उनीहरुको होस्टेल, ट्युसन लगायत विद्यालयका अन्य खर्च उहाँले नै पठाउनुहुन्छ।' ती बालबालिकाहरुको अध्ययनका लागि विद्यालयले पनि केही सहुलियत गरेको केसीको भनाइ छ



**बाल्यकालले प्रोत्साहित गर्यो : मास्के**

सुजा मल्ल मास्के काठमाडौंमा जन्मिएकी हुन् । बाल्यकालदेखि नै सहयोगी भावनाकी उनी विद्यालय समयमा स्काउटमा रहेर थुप्रै कामहरु गरिन् । आफुलाई अफ्ठयारोमा परेकाहरुलाई सहयोग गर्नुपर्छ भन्ने सिकाईनै स्काउटबाटै भएको उनी बताउँछिन् ।

उनले गरिब तथा विपन्न र आर्थिक अभावमा उपचार नपाएकाहरुलाई पनि थुप्रैलाई सहयोग गरेकी छिन् । आफ्नो काका शल्यक्रिया विशेषज्ञ डा. महावीर कृष्ण मल्ल र काकी डा कस्तुरी मल्ल र डा बिमला मल्ल (स्त्री रोग विशेषज्ञ) को सहयोगमा उनले थुप्रैको उपचार गरिन् ।

त्यतिबेला आफैपनि आर्थिक रुपमा मजबुत नभएकी उनले परिवारका सदस्यहरुको सहयोगमा थुप्रैको उपचार गरेको बताउँछिन् । पछि अमेरीकामा बसाई भएपछि उनले नेपालका विपन्न बालबालिकाहरुलाई अध्ययनमा सहयोग गर्ने योजना बनाईन् । 'मेरो लक्ष्य विभिन्न सहयोगी तथा व्यक्तिगत सहयोगमा नेपालका धेरै बच्चाहरूलाई शिक्षित बनाउने हो, उनले भनिन् ताकि बच्चाहरू हुर्किएपछि आफ्नो र आफ्नो परिवारको लागि राम्रो जीवन पाउन सकून ।'

यसरी आफुले पढाएका बालबालिकाहरु पनि भविष्यमा गरिब बालबालिकाहरुको सहयोग गरुन भन्ने उनको चाहना छ । उनले अझै धेरै सहयोगीहरु बढाएर नेपालका बालबालिकाहरुलाई ठुलो संख्यामा सहयोग गर्ने योजना रहेको सुनाईन् ।

दियाले बालबालिकाहरुको ट्युशन, होस्टेल, शुल्क, विद्यालय पोशाक किताब लगायतका सम्पूर्ण शैक्षिक खर्च सहयोग गर्दै आएकी छिन् । उनीहरुको जन्मदिनको अवसरमा दियाले विभिन्न उपहार समेत उनीहरुलाई दिने गर्छिन् ।

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

दुम्किवास, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

### प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०५/२१**

गण्डकी प्रदेश, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको विनयी त्रिवेणी गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताब कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | विनयी त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, दुम्किवास, नवलपरासी (बर्दघाट सूस्ता पूर्ब), गण्डकी प्रदेश, नेपाल |
| **प्रस्तावको व्यहोरा** | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको विनयी त्रिवेणी गाउँपालिका क्षेत्रमा पर्ने विनयी खोलाको वहुवन देखि इट्टा भट्टा सम्मको खण्ड, इट्टा भट्टा देखि हाईवे पुल सम्मको खण्ड, हाइवे पूल देखि सि.जी सिमेन्ट सम्मको खण्ड, सि.जी सिमेन्ट देखि चोखाघाट सम्मको खण्ड, चोखाघाट देखि सिलौटेघाट पूल सम्मको खण्ड, सिलौटेघाट पूल देखि पाखापानी सम्मको खण्ड, पाखापानी देखि मसान मजुवा सम्मको खण्ड र गंगटे खोलाको बगर क्षेत्रबाट ढुंगा, गिट्टि, बालुवा आदि नदीजन्य पदार्थ संकलन तथा उत्खनन् कार्यको लागि गरिने प्रारम्भिक वातावरण परीक्षण । |
| **प्रभाव पर्न सक्ने गाँउपालिकाका क्षेत्रहरु** | विनयी त्रिवेणी गाउँपालिका अन्तर्गतको वडा नं. १,२,३,४,५ र आसपासको क्षेत्र |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारि गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको वडा कार्यालयहरु तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकि तथा सरोकारवाला व्यक्ति तथा संघसस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलव्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | विनयी त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, दुम्किवास, नवलपरासी (बर्दघाट सूस्ता पूर्ब), गण्डकी प्रदेश, नेपाल<br>फोन नं : ०७८-४१६१८२, ९८५७०४६८२१ (सूचना अधिकारी)<br>इमेल : ito.binayitrivenimun@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | पिस रिसर्च एण्ड डेभलप्मेन्ट कन्सल्टेनट प्रा. ली., नयाँ वानेश्वर, काठमाडौँ<br>फोन नं. :०१-४४८२१९०<br>इमेलः prdcconsult@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**

## पकहाँ मैनपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पकहा मैनपुर, पर्सा
मधेश प्रदेश, नेपाल

### पकहाँ मैनपुर गाउँबासीहरुलाई स्वास्थ्य सम्बन्धी जानकारी मूलक सन्देश

**स्वास्थ्य सम्बन्धी नगरबासीमा सचेतना**

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सडेगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।
**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऔं/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।
**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।
**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाब गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै बिर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सडेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।




## मलेसियामा रोजगार

१. कम्पनीः CLASSIC MODE SB. शहर : SELANGOR
पूर्व स्वीकृत मितिः २०७९/०५/२० चलानी नं.: ६०१८६९६२ LT. No.: 270644

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः GENESIS ALUMINIUM INDUSTRIES SDN. BHD. शहर : SELANGOR
पूर्व स्वीकृत मितिः २०७९/०५/२० चलानी नं.: ६०१८६९६३ LT. No.: 270819

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनीः RESTORAN AL BAQIYAT शहर : NEGERI SEMBILAN
पूर्व स्वीकृत मितिः २०७९/०५/२० चलानी नं.: ६०१८६९५९ LT. No.: 270310

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KREW RESTAURANT | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनीः SOON HENG POULTRY FARM शहर : JOHOR
पूर्व स्वीकृत मितिः २०७९/०५/२० चलानी नं.: ६०१८६९६० LT. No.: 270642

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LIVESTOCK WORKER | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनीः TFS MANUFACTURING SDN BHD शहर : KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०७९/०५/०१ चलानी नं.: ६०१८५६३२ LT. No.: 270643

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २८ गते (13 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1234/074/075

**TILICHO OVERSEASE PVT. LTD.**
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9860979793
Email : tilichooverseas@gmail.com



## ZERO COST RECRUITMENT IN MALAYSIA!!
## मलेसियामा शुन्य लागतको रोजगार !!

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

(Company Name) : GS PAPERBOARD & PACKAGING SDN BHD Selengor,
रोजगारदाता कम्पनी : जियस पेपरबोर्ड एण्ड प्याकेजिङ्ग एसडिएन. बिएचडी. सेलेङ्गगोर

| | | |
|---|---|---|
| पूर्व स्वीकृती मिति- २०७९/०५/२० | लट नम्बरः २७०८१८ | चलानी नम्बर : ६०१८६९३२ |
| Pre-approval Date - 2022/09/05 | LT No. : 270818 | Consignment No.:60186932 |

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | मासिक तलब Monthly Salary ने.रू. NPR | ओभरटाइम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hour/Day | हप्तामा काम गर्ने दिन Working Day/Week | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomo-dation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | १०० 100 | सो काममा दक्ष Skilled at related work | १५०० 1500 | ४२,६१५ 42,615 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup Fee | भिषा शुल्क Visa fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च Transport, Lodging & Food during final interview & before departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour approval | हवाई टिकट शुल्क Air ticket expenses | संस्थाको सेवा शुल्क Agency service charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free |

- यो भर्ती मागपत्र शून्य लागत नीति अन्तर्गत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरू (राहदानी, मेडिकल, भिसा, अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, नेपाल र मलेसियामा लाग्ने बिमा, श्रम स्विकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ । त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कनै शुल्क तिर्न पर्दैन । This recruitment is under zero cost policy. All the expenses (Passport, Medical, Visa, Transport, Lodging, Food during interview & before departure, Orientation, Insurance, Air ticket) including Agency service charge will be borne by the employer. So no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.
- यस रोजगारीको लागि हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । No other item of value shall begiven or commit to our office or any body in lieu of fees (Gifts, gold, jewelry, livestock, phone etc.)
- तपाईंले कसैलाई कुनै शुल्क तिर्न नपर्ने भएकोले, हामी तपाईंलाई कुनै पनि एजेन्ट बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट र बिचौलिया छैन । Since youdon't have to pay any fees to any body, we request you to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman any where.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन । No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.
- हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understandjob related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ । Anyone willing to apply for the job must attend our pre-recruitment orientation training session prior to filling the job application form.
- हामी समान अवसर प्रदायक संस्था हौं । त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ । We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without any type of discrimination.
- यदि तपाईंसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज (Money Home Overseas मा पनि सन्देश पठाउन सक्नुहुन्छ ।

+९७७-०१-४९८४६८३ | moneyhomeoverseas2009@gmail.com

If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page -

Money Home Overseas | +977-01- 4984683 | moneyhomeoverseas2009@gmail.com

**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय, गोंगबु, काठमाडौंमा मिति २०७९ भदौ २८ गतेमा हुनेछ ।**
**Final Interview will be conducted at Manpower , Office, Gongabu, Kathmandu on 13 Sept. 2022 .**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Govt. Lic. No. 863/066/067

**Money Home Overseas Pvt. Ltd.**
Post Box. No.: 12937, Gangabu-7, Ktm, Nepal (Opposite of Police Training Center)
Tel.: 01- 4984683, 4985068, 4956752
Email: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np
Website: www.moneyhomeoverseas.com.np

मध्यान्ह
www.madhyanhadaily.com
२१ भदौ २०७९, मंगलबार
6 September 2022, Tuesday

## सम्पादकीय

# संस्कृतिमन्त्रीको संस्कार सुध्रियोस्

यतिबेला संस्कृतिमन्त्री जीवनराम श्रेष्ठको संस्कारबारे प्रश्न उठेको छ । सार्वजनिक स्थलमा व्यक्त संस्कृतिमन्त्री श्रेष्ठको संस्कारले थप प्रश्नहरूलाई समेत सतहमा ल्याइदिएको छ । गत शुक्रबार संस्कृतिमन्त्री श्रेष्ठ ठमेलस्थित छायाँ सेन्टरमा श्रीमतीसहित दलबल लिएर पुगेका थिए । क्यानडामा हुन लागेको आइकाओको कार्यक्रममा लागि मन्त्रालयका ६/७ जनासहितको टोली बायोमेट्रिक दिन छाँया सेन्टरमा पुगेका थिए । मन्त्री उपस्थित भए पनि सेवाग्राहीको रूपमा सबैलाई समान व्यवहार गर्नु व्यवस्थापनमा खटिएकाहरूको कर्तव्य हो । कसैले उच्च सम्मान गर्दै मन्त्रीलाई पालो मिचेर सेवा दिने पनि गर्दछन् । तर, छायाँ सेन्टरका सुरक्षागार्ड शेरजंग गुरूङले मन्त्री र सेवाग्राही सबैलाई एउटै व्यवहार गरे । मन्त्रीलाई पनि लाइनमै रहेर सेवा लिन आग्रह गरे । तर, संस्कृतिमन्त्री श्रेष्ठ र श्रेष्ठसहितको टोलीलाई गुरूङको व्यवहार मन परेन र भनाभनको स्थिति आयो ।

यो घटना केलाउँदा संस्कृतिमन्त्री श्रेष्ठले आफू सार्वजनिक पदमा छु भन्ने ख्याल नगरेको पाउन सकिन्छ । यदि यस्तो ख्याल गरेको भए उनको टोलीले उच्च सम्मान खाजेको भए पनि मन्त्री श्रेष्ठले रोक्न सक्थे । जो संस्कृतिमन्त्रीको संस्कार हुन जान्थ्यो । किनभने, सार्वजनिक पद धारण गरेको व्यक्तिको संस्कारजन्य व्यवहारमा आम मानिसको नजर हुन्छ । संस्कारमन्त्रीको संस्कारबाट सिक्न चाहनेहरू पनि समाजमा हुन्छन् भन्ने उनले ख्याल गरेनन् । सारमा भन्दा उनले आफू संस्कृतिमन्त्री भएको र आफूले कस्तो संस्कृति प्रदर्शन सार्वजनिक स्थलमा गर्ने हो भन्ने भेउ नै पाएको देखिन्न । अब आवेगमा आएर संस्कृतिमन्त्री श्रेष्ठले स्वभाव जन्य कमजोरी गरे भनेर चुप लाग्ने स्थिति पनि रहेन । किनभने, उनले आफ्नो कमजोरी स्वीकार गर्नुको साटो सत्ताको प्रयोग गरे । श्रेष्ठकै टोलीबाट उनलाई अभ[illegible] व्यवहार भएको रिर्पोटिङ भएपछि प्रहरीबाट सुरक्षागार्ड गुरूङ पक्राउ परे । तर, उल्टै संस्कृतिमन्त्रीको संस्कार र सुरक्षागार्ड गुरूङको पक्राउको विषयलाई लिएर सामाजिक सञ्जाल र आमसञ्चारले प्रश्न उठाए । यो प्रश्नबाट संस्कृतिमन्त्री भाग्न सकेनन् । परिणाममा संस्कृतिमन्त्री श्रेष्ठ पक्राउ परेका गुरूङलाई छाडिदिन आग्रह गर्नुपर्ने स्थितिमा पुगे । सोहीअनुसार गृहमन्त्री बालकृष्ण खाँणको निर्देशनमा गुरूङ साधारण तारेखमा छुटेका छन् ।

मन्त्री जनताको काम गर्न जनताकै करबाट सेवा सुविधा लिने व्यक्ति हुन् । जोबाट चयन भएर जसमाथि शासन गर्न गएको हो उसैमाथि गर्ने व्यवहार भोट माग्दा जाँदा मात्रै सही भएर हुँदैन । साथसाथै, नेपालले अवलम्बन गरेको शासन व्यवस्थामा प्रधानमन्त्रीका सहयोगी हुन मन्त्रीहरू । तर, बहुदल मिलेर बनेको सरकारमा प्रधानमन्त्री एउटा हुने र निर्देशन अर्कोको (पार्टी अध्यक्ष)को मान्ने प्रवृति ज्यादा छ । अर्थात् नेतृत्वले लगाम लगाउन नसक्दा पनि सहयोगीहरूबाट व्यक्त संस्कार छाडा भएका हुन कि ! जे जस्तो भए पनि संस्कृतिमन्त्रीको संस्कार सुध्रियोस् र यसबाट सिक्नुपर्नेहरू सबैले पाठ सिकुन ।

# वैदेशिक रोजगार र शेयर बजार

*सरकारले वैदेशिक रोजगारमा गएका नेपालीहरूलाई सेयरको प्राथमिक बजारमा आरक्षण दिने निर्णय गरेको छ । तीन दशकको वैदेशिक रोजगारको इतिहासमा भएको पछिल्लो निर्णय निकै न्यायीक र महत्वपूर्ण पनि छ तर, निर्णय कार्यान्वयन नहुने चिन्ता सबैतिर देखिन्छ । सबैको चाहाना सेयर बजारमा आरक्षणको विषय वैदेशिक रोजगार ऋणपत्र जस्तो नहोस् भन्ने छ ।*

अग्रलेख



● श्याम नारायण मानन्धर

जब देशलाई आर्थिक संकटको परिस्थिति आइपर्दछ तब मात्र वैदेशिक रोजगारमा गएका युवाहरु र तिनको विप्रेषणको महत्व र योगदानको सम्झना गरिन्छ । कोभिड-१९ पछि फेरि देशले झेलेको आर्थिक तरलता अभावमा पुनः वैदेशिक रोजगारीले अर्थव्यवस्था सन्तुलनमा ल्याउन प्रयास गरेको छ । तीतो सत्य र कटु यथार्थ यो छ कि खाडी, कोरिया, मलेसियाजस्ता देशहरुमा वैदेशिक रोजगारीमा गएका कर्मशील युवाहरुले जति देश र जनताका लागि योगदान दिएका छन्, त्यति शैक्षिक अध्ययनका लागि ठूलो धनराशी लगानी गरेर जापान, अष्ट्रेलिया, युरोप, अमेरिकाजस्ता समृद्ध देशमा गएका युवा तथा विद्यार्थीहरुबाट लगानीअनुसारको अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन ।

करिब तीन दशकको वैदेशिक रोजगार इतिहासमा गत २०७९ भाद्र ६ को मन्त्रीपरिषद बैठकले वैदेशिक रोजगारमा गएका नेपालीहरुलाई यथासक्य छिटो सेयरको प्राथमिक बजारमा आरक्षण दिने निर्णय गरेको छ । यस अगाडी सरकारले वैदेशिक रोजगार ऋणपत्र पनि समय-समयमा जारी गर्दै आएको पाइन्छ, तर त्यो फलदायक भएको देखिँदैन । यद्यपि वर्तमानको यो आव्हानको कार्यान्वयनको पक्ष भने पर्ख र हेरको अवस्थामा नै छ ।

### धितोपत्र बजारको इतिहास

नेपालमा पहिलो पटक वि.सं. १९९४ मा विराटनगर जुट मिल्स र नेपाल बैंक लि.ले सर्वसाधारणलाई सेयर जारी गरेको पाइन्छ । पहिलो पटक सेयर जारी गरेको २७ वर्ष पछि वि.सं. २०२१ मा कम्पनी ऐनअर्न्तगत निर्माण भएको र सो कम्पनी ऐनअनुसार वि.सं. २०३३ असार २२ गते सेक्युरिटी खरिद बिक्री केन्द्रको स्थापना भएको थियो । धितो पत्र कारोबार ऐन वि.सं. २०४९ अनुसार २०५० जेष्ठ १३ मा नेपाल स्टक एक्स्चेन्ज (नेप्से)मा परिणत भएको हो ।

### पूँजीबजारसँग सम्बन्धित पक्ष

पूँजी बजारमा प्रवेश गर्ने व्यक्तिले बजारबारे केही पक्षहरु जान्नैपर्ने हुन्छ । यदी सम्बन्धित पक्षलाई ध्यान दिइएन भने पूँजी बजारमा प्रवेश अर्थपूर्ण बन्न सक्दैन । यहाँ पूँजीबजारसँग सम्बन्धित पक्षबारे चर्चा गरिएको छ ।

- **सर्वसाधारण लगानीकर्ताहरु** : पूँजीबजारको प्राथमिक वा दास्रो बजारमा धितोपत्र दलालको माध्यमबाट सेयर खरिद-बिक्री गर्ने प्राकृतिक व्यक्ति सम्झनु पर्दछ ।
- **संस्थागत लगानीकर्ताहरु** : नेपाल स्टक एक्सचेञ्जमा दर्ता भएका कम्पनीहरुको सेयर सर्वसाधारणहरुको स-सना पूँजीलाई विभिन्न माध्यमबाट एकिकृत गरी अल्पकालिन ऋण पत्र, बोण्ड र धितो पत्रमा लगानी गर्ने संस्थाहरुलाई संस्थागत लगानीकर्ता जसलाई म्युच्युअल फण्ड पनि भनेर चिनिन्छ ।
- **नेपाल धितोपत्र बोर्ड** : पूँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको हित संरक्षण गरि धितोपत्रको निष्कासन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्ने निकाय भन्ने सम्झनु पर्दछ ।
- **धितोपत्र दलाल** : ग्राहकले इच्छाएको वा माग गरेको धितोपत्र तोकिएको सेवा-शुल्क लिएर खरिद-बिक्री गरिदिने इजाजत प्राप्त धितोपत्र व्यासायीहरुलाई धितो पत्र दलाल भनिन्छ ।
- **बैंक तथा वित्तीय संस्थाहरु** : धितो पत्र खरिद गर्नका लागि सेयर ग्राहकहरुका नाममा बैंक खाता खोलेर खरिद गर्ने रकमलाई तोकिएको शुल्क लिएर वा नलिएर निर्दिष्ट समयसम्म रोक्का राख्ने वा सहजीकरण गरिदिने वित्तीय संस्था ।
- **नेपाल स्टक एक्स्चेन्ज लि.**: सुचिकृत धितोपत्रहरुको कारोबार गर्ने र गराउने मुख्य उद्देश्य/काम नेपाल स्टक एक्स्चेन्जको रहन्छ ।
- **मर्चेन्ट बैंक** : धितोपत्रको प्राथमिक निश्कासन कार्य बजार प्रबन्धको जिम्मा लिने, प्रत्याभुति गर्ने तथा धितो पत्र कारोवारका लागि दरखास्त संकलन तथा विवरण जस्ता कार्यहरु गर्ने संस्थालाई मर्चेन्ट बैंक भनिन्छ ।
- **सेयर रजिष्ट्रार** : संगठित संस्थाहरुको धितोपत्र कारोबार सम्बन्धि रेकर्ड राखिदिने र दाखिल खारेज वा नामसारी गर्ने र सेयरवालाहरको लगत अध्यावधिक गरिराख्ने सम्बन्धि सम्पूर्ण काम गर्ने जिम्मा लिने संस्थालाई सेयर रजिष्ट्रारलाई भनिन्छ ।




- **धितोपत्र व्यापारी** : प्राथमिक बजारमा निष्कासन भएका धितोपत्रहरु सबै वा केही खरिद गरी धितोपत्र बजारमार्फत बिक्री गर्ने र ग्राहकसँग लगानी करार गरी लगानी प्रबन्ध गर्ने जस्ता कार्यहरु गर्ने धितोपत्र व्यावसायीलाई धितोपत्र व्यापारी भनिन्छ । धितोपत्र व्यापारीले ग्राहक वा आफ्नो नामबाट धितोपत्र दलालमार्फत धितोपत्र खरिद-बिक्री कारोबार गर्दछ ।

### केही आधारभूत शब्दावलीहरू

- **आई.पि.ओ.**: कुनै पनि कम्पनीको विकास र विस्तारको लागि पूँजीको आवश्यकता पर्दछ । पूँजीको आवश्यकता भएपछि कम्पनीका सञ्चालकहरुको साधारणसभाले निर्णय गरी सर्वसाधारणबाट पूँजी संकलन गर्ने प्रक्रिया हो । धितोपत्र बोर्डबाट अनुमोदनपश्चात बिक्री गरिने सेयर संख्याको सामान्यतः प्रति कित्ता बजार मूल्य रु. १०० हुन्छ ।

क) **निश्चित मूल्य पद्धति** : हालसम्म नेपाली सेयर बजारमा प्राथमिक सेयर निश्कासन पद्धतिमा यही पद्धति प्रचलित छ । यसमा प्रति कित्ता सेयर मूल्य रु. १०० लाई आधार मानिन्छ । सोहीअनुसार हरेक आई.पि.ओ.मा सर्वसाधारणले लगानी गर्ने गर्दछन् ।

ख) **बुक बिल्डिङ्ग पद्धति** : नेपाल धितोपत्र बार्डले अनुमति दिइसके पनि नेपालमा पनि बुक बिल्डिङ्ग पद्धतिबाट आई.पि.ओ. निष्कासन गर्ने बाटो खुलेको छ । यस माध्यमबाट सेयर सर्वसाधारणलाई जारी गर्दा साबिकको मूल्यभन्दा बढी मूल्यमा खरिदका लागि आव्हान गरिन्छ । बिगत ३ वर्षभन्दा बढी नियमित राम्रो नाफा कमाएका, कम्पनीको साधारण सभाबाट बुकबिल्डिङ्ग पद्धतिबाट आई.पि.ओ. निष्काशन गर्न पाउने भनेर निर्णय गरेका, आईक्रा वा केयर रेटिङ्गबाट तोकिएको कम्पनीको औसत वा सोभन्दा माथि भएका र कम्पनीको प्रति सेयर नेटवर्थ चुक्ता पूँजीको १५० प्रतिशतभन्दा बढी भएका कम्पनीले सेयर आव्हान गर्न पाउँछन् । साथै ख्याती राम्रा भएका अर्थात् धितोपत्र बोर्डले तोकेको उल्लेखित चार मापदण्डको अनिवार्य आधार पुरा गरेपछि मात्र यस प्रक्रियाबाट तत् कम्पनीहरुले प्राथमिक बजारमा आई.पि.ओ.जारी गर्न पाउने छन् ।

नेपालमा पहिलो कम्पनीका रूपमा सर्वोत्तम सिमेन्टले यस प्रक्रियामा सहभागी भई प्रति कित्ता रु. ७५० सम्ममा आई.पि.ओ. निष्कासन गरेको थियो । यसरी आव्हान गरिएको सेयर किन्न वा आवेदन दिन सबै सर्वसाधारण नागरिकहरु योग्य मानिन्छ । जसका लागि आवेदकहरुको बैंक तथा वित्तिय संस्थाहरुमा स्वयम् कै नाममा बैंक खाता, बैंक वा ब्रोकर कम्पनीहरुमा खोलिएको डिम्याट खाता र ब्रोकर कम्पनीमा खोलिएको नेप्से खाता अनिवार्य हुन्छ ।

- **एफ.पि.ओ.** : कम्पनीले आफ्नो व्यावसायको उत्पादन क्षेत्र र पुर्वाधारहरुको विकास र विस्तारको लागि थप पूँजीको आवश्यकता परे कम्पनीको वर्तमान सेयरको बजार मूल्यलाई आधार बिन्दुमानेर सोहीअनुसारको मूल्य निर्धारण गरी कम्पनीका सञ्चालकहरुको साधारणसभाले गरेको निर्णय पारित सर्वसाधारणबाट पूँजी संकलन गर्ने प्रक्रिया हो । नेपाल धितोपत्र बोर्डबाट अनुमोदनपश्चात बिक्री गरिने त्यस्ता सेयरको सामान्यतयाः प्रति कित्ता बजार मूल्य आधार मूल्यभन्दा बढी हुन्छ ।
- **अग्राधिकार सेयर** : कम्पनीले आर्जन गरेको मुनाफाबाट तोकिएको दरमा लाभांश वितरण गर्ने गरि जारी गरिएको सेयरलाई अग्राधिकार सेयर भनिन्छ । यसमा मुनाफाको स्वामित्व ग्रहण गर्न साधारण सेयरवालाको भन्दा अग्र अधिकार रहन्छ । त्यस्तै कम्पनी खारेजीमा जाने भएमा आफ्नो लगानी र सञ्चित लाभांश प्राप्त गर्न त्यस्ता सेयर लागनीकर्ताहरुको पहिलो अधिकार रहन्छ । अग्राधिकार सेयरमा गरिने लगानीमा जोखिम र प्रतिफल दुवै कम हुन्छ ।
- **हकप्रद सेयर** : कम्पनीको बुक क्लोज मिति तोकिएको दिनसम्म सेयर होल्ड भएका सेयर धनीहरुले तोकिएको मात्रामा आधार मूल्यमा पुनः लागनी गर्न सक्ने सेयर कित्ताको मूल्य चुक्ता गरेपछि पाउन सकिने सेयर हो । कम्पनीलाई आवश्यक परेको पूँजीलाई मौजुदा लगानीकर्ताहरुबाटै उठाउने भन्ने मुख्य धेय रहन्छ । यदि तोकिएको समयमा उक्त सेयर बिक्री नभएमा सार्वजनिक विज्ञापन गरि लिलामीमा सर्वसाधाणका लागि पनि जारी गर्न सकिन्छ ।
- **बोनस सेयर** : कम्पनीको बुक क्लोज मिति तोकिएको दिनसम्म सेयर होल्ड गरेका (विद्यमान सेयर धनी) वा सो अवागै खरिद गरेको सेयर सदस्यहरुलाई कम्पनीले तोकिएको आर्थिक वर्षमा प्राप्त मुनाफा वा वितरण योग्य नाफालाई सेयर वा नगदै वितरण गर्ने कम्पनीको साधारण सभा र धितो पत्र बोर्डको स्वीकृतिमा उपलब्ध गराइन्छ । बोनस सेयर वा नगद लाभांश प्राप्त गर्न सम्बन्धित सेयर धनीहरुलाई कुनै शुल्क लाग्दैन ।
- **ऋणपत्र** : तोकिएको दर र समयमा साँवा तथा ब्याज भूक्तानी गर्ने सर्तमा जारी गरिएको धितोपत्रलाई ऋण पत्र भनिन्छ । यसको सामान्यत अंकित मूल्य रु. एकहजार प्रति कित्ता रहन्छ । यसमा अर्धवार्षिक तथा वार्षिक ब्याज प्रदान गरिन्छ । नेपाल राष्ट्र बैंक तथा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रकारका ऋणपत्र जारी गरेको पाइन्छ ।
- **अल्पकालिन तथा दिर्घकालिन लगानी कर्ता** : सेयर बजार विशेषगरी दोस्रो सेयर बजार अत्यन्त जोखिमपूर्ण हुन्छ । आफुँले खरिद गर्ने भनिएको कम्पनीको आर्थिक सुचांक र वार्षिक प्रतिफललाई आधार मानेर कम्तीमा एक/दुई वर्ष प्रतिफल लिने मनसायले खरिद गरिने वा लगानी गर्ने लगानीकर्तालाई दिर्घकालिन लगानीकर्ता भनिन्छ भने बजारको हल्ला र अधिक जोखिमलाई आत्मसाथ गर्दै सम्भावित नाफा घाटालाई स्वीकार्दै सेयरबजारमा सेयर खरिद-बिक्री गर्ने लगानीकर्ताहरुलाई अल्पकालिन लगानीकर्ता भनिन्छ । यस्ता लगानीकर्ताहरुको कम्पनीको वित्तीय विवरण वा नाफा घाटा भन्ने आधारलाई कम प्राथमिकता दिने गर्दछन् । अल्पकालिन लगानीमा नाफाभन्दा जोखिम उच्च रहन्छ ।

### विदेशबाट आई.पि.ओ.मा कसरी सहभागी हुने ?

वैदेशिक रोजगारमा रहेका तर आई.पि.ओ. भर्न इच्छुक नेपाली युवाहरुले नेपाल सरकारले सुरक्षित गरेको कोटामा अब त्यहाँ रहेर पनि आई.पि.ओ. भर्न सक्नेछन् । सोका लागि केही शर्तहरु भने पालना गर्नुपर्नेछ ।


बैंकमा सम्बन्धित व्यक्तिको खाता खोलिएको हुनुपर्ने, मेरो सेयर तथा डिम्याट खाता खोलिएको हुनुपर्ने, बैंकले उपलब्ध गराउने सि.आ.एन.नम्बर सुरिक्षत हुनुपर्ने, दोस्रो बजारमा जानका लागि ब्रोकरबाट नेप्सेकोड लिएको हुनुपर्ने, वार्षिकरूपमा मेरो सेयर तथा डिम्याट शुल्क नविकरण गरिएको हुनुपर्नेलगायत शर्तहरु पालना गर्नुपर्नेछ । हाल अनलाइन माध्यमबाट खाता खोल्न सक्ने सबैको जानकारी सम्बन्धित पक्षको इमेलमा उपलब्ध गराउने भएकाले खासै कठिनाई नपर्ने देखिन्छ ।

## सामाजिक सञ्जाल



- ओमकुमार थापा

निर्वाचन घोषणा भएपछि संसद जिवितै छ भन्दै सांसदको लोगो लगाएर कुन नैतिकताले म फेरि उम्मेदवार भएँ भोट दिनुस् भन्दै जाने सोचमा छन् सांसदहरू ? विधेयकमार्फत संसद जिवितै राख्ने देउवा सरकारको कार्य निन्दनीय मात्रै छैन, संसदीय परम्परामा अनैतिकताको पराकाष्ट छ ।




- मानवी पौडेल

लाईनमा नबस्ने मन्त्रीलाई कारबाही गर्ने कि नियम पालना गर्न सिकाउने सुरक्षा गार्डलाई ? आफुमा यति अनुशासन कायम गर्न नसक्नेले मन्त्रीको कुर्सीमा बसेको पटक्कै सुहाएन है ! नैतिकता बाँकी छ भने उक्त गार्डलाई धन्यवाद दिएर काममा फर्काईदिनोस्, नत्र मंसिर ४ मा जनताले तपाईलाई घर फर्काईदेलान् !



- भानुप्रसाद आचार्य

लोकतन्त्रको लामो इतिहास बोकेको दलमा त पुराना नेता तथा कार्यकर्ता सत्य कुरा बोल्न आफ्नै स्वार्थका कारणले डराउँदा रहेछन् भने अरू केन्द्रीत विचार भएको दलको अबस्था झन् दयनीय छ । दलभित्रको लोकतन्त्र फस्टाउन सत्य कुरा राख्नसक्ने नेता कार्यकर्ताको जमात तयार भए जनतालाई राहत हुन्थ्यो कि ?



- भरत बिमल यादव

तल्लो सदन प्रतिनिधिसभा स्थायी सभा नहुँदा नै राज्य संसद बिहीन नहोस् भनी दुई सदनात्मक व्यवस्थाअनुरूप माथिल्लो सदन राष्ट्रिय सभा व्यवस्था गरिएको हुन्छ र गरिएको छ । प्रतिनिधिसभालाई स्थायी बनाउँदा राष्ट्रिय सभाको औचित्यमाथि प्रश्न खडा हुँदैन ? संसदको दुई वटै सदन स्थायी ? जग हँसाई नगरौं ।



- कमल पौडेल

प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल लम्ब्याउने प्रावधानसहित संसदमा विधेयक अघि नबढ्ने भएछ । प्रचण्ड र देउवा मात्रै मिलेर जे पनि हुनसक्ने व्यवस्थालाई लोकतन्त्र भनिन्छ । एमालेले ससदबाट सामूहिक राजीनामा दिए हुन्न ? संसद तलब भत्ता खाँदै विरोध गर्दै नौटंकीहरू राजीनामा दिए नैतिकता रहेछ बुझिन्छ ।

# नारीवादीले नदेखेको महिला मुक्ति

टिप्पणी



● सरस्वती महरा

महिला समस्या महिलाको व्यक्तिगत विषय र समस्या नभएर सामाजिक विषयवस्तु र समस्या हो । महिला मुक्ति पुरूषहरूको मुक्तिसहित समाजको समग्र मुक्तिसित जोडिएको अर्थसामाजिक विषय हो । महिला भेदभाव र हिंसाका सानाभन्दा साना घटनादेखि लिएर बलात्कार जस्ता जघन्य घटनाहरुको स्रोत र मुख्यकारक तत्व पनि त्यसभित्र नै खोजिनुपर्दछ । तर, मुख्य विषयलाई 'डाइभर्ट' गरेर पुरूष लिङ्ग र स्त्री योनीको मात्र कुरा गर्ने, योनी भएकै कारण स्त्रीले बलात्कार जस्ता जघन्य घटनाहरु खप्नुपर्ने वा परेको जस्ता तर्क र मान्यताहरूलाई स्थापित गर्न खोज्ने स्त्रीवादी यौनवादी चेतना महिलामुक्तिको नाममा पनि पेशकश हुने र भइराखेको यतिबेला बढो आकर्षक र दमदार देखिन्छ । बढो विद्रोही, आकर्षक र ऱ्याडेकिल देखिने नारीवादले यतिबेला स्त्री चेतनाको सामाजिक र सांस्कृतिक स्टेट्सलाई स्त्रीयोनी मात्रसँग जोडेर त्यसको समर्थन वा विरोध गर्ने नाममा अन्ततः महिला योनी मात्रमा समग्र महिला समस्या र मुक्तिको विषयलाई केन्द्रित गरेको बुझ्न गाह्रो हुँदैन । यसको कारणमा नीजि सम्पत्तिमाथि आधारित सामाजिक उत्पादन सम्बन्धसित जोडिएको महिलामुक्तिको मूल गम्भीर अर्थराजनैतिक-सामाजिक प्रश्नलाई, श्रमजीवि सर्वहारा महिलाहरूको दृष्टिकोणबिहीन बनाउँदै, जहिलेसुकै मिडिल क्लास् मेन्टालिटी र दृष्टिकोणले काटछाँट र नापजोख गरेर, सर्वहारा वर्गका महिलालगायतका समस्याको हललाई महिला योनीको समर्थनमा पुरूषको सद्देलिङ्ग वा बलात्कारी लिङ्गको विरोधको स्त्रीमुक्तिको स्त्रीवादी नुस्का, उपाय र अपील, महिला मुक्तिकै हिमायतीहरूबाट पनि यतिबेलाको पेशकश गज्जब लाग्दछ ।

*महिला समस्या महिलाको व्यक्तिगत विषय र समस्या नभएर सामाजिक विषयवस्तु र समस्या हो । महिला मुक्ति पुरुषहरूको मुक्तिसहित समाजको समग्र मुक्तिसित जोडिएको अर्थसामाजिक विषय हो । महिला भेदभाव र हिंसाका सानाभन्दा साना घटनादेखि लिएर बलात्कार जस्ता जघन्य घटनाहरुको स्रोत र मुख्यकारक तत्व पनि त्यसभित्र नै खोजिनुपर्दछ ।*

परिवार, घरभित्र र बाहिरी समाजमा महिलामाथि हुने जुनसुकै विभेद र बलात्कार जस्ता घटना घटाउन स्त्रीद्वेषी समाजको सामाजिक चरित्र र स्त्रीविरोधी विकृत/कुरूप सोच, मूल्य मान्यता र मानसिकताले मुख्य भूमिका खेलेको देखिन्छ मुख्यरूपले उजागर नगर्ने, समकालीन समग्र परिदृश्यमा स्त्रीद्वेषी पितृसत्तावादी पूँजीवादी भूमण्डलीकृत सत्ता, संरचना र वैचारिकताको विरोधलाई, महिला समस्या र मुक्तिको मुल/केन्द्रीय विषयवस्तु बनाउनुपर्नेमा पुरूष लिङ्ग र महिला योनी मात्रको विषयलाई बहस र बहसको केन्द्र बनाइनु र बनाउन खोज्नुले अन्ततः महिला मुक्तिको अर्थसामाजिक सम्बन्ध र व्यवस्थासित जोडिएको वर्गीय प्रश्नको मुल विषय, तर्क र ओरियेन्टेशनलाई नै दिग्भ्रमित र ओझेलमा पार्ने निश्चित देखिन्छ ।

स्त्रीमाथि हुने लैङ्गिक विभेद, हिंसा र बलात्कार जस्ता घटनालाई सर्वहारा दृष्टिकोणसहितको वर्गीय प्रश्न र सापेक्षतामा हल गर्ने विषयलाई यतिबेला केन्द्रीय विषय बनाइनु पर्नेमा त्यस विपरित शहरी मध्यमवर्गीय स्त्रीवादको लिङ्ग र योनी मात्रको सापेक्षतामा महिला समस्या र मुक्तिको प्रश्नलाई बुझ्ने र उठाउने कुराले महिला मुक्तिको समग्र प्रश्नलाई कसरी र कति हल गर्नसक्छ र आजसम्म कति हल गर्न सकेको छ ? महिला मुक्तिका खास हिमायतीहरूले त्यतापट्टि प्रश्न सोझ्याउनु पर्ने र उठाउनु पर्ने हो कि बाहिरी र सतही तवरमा मात्रै आकर्षक र ऱ्याडेकिल देखिने स्त्रीवादको ट्रेन्डमा ट्रेन्ड भएर महिला मुक्तिको सामाजिक सत्तासित जोडिएको मूल राजनैतिक प्रश्नलाई नै धरापमा पार्दै अन्ततः लजिक्ली स्त्रीवादको वर्गनिरपेक्ष राजनैतिक र सामाजिक सुधारवादी ट्रेन्डलाई स्थापित गर्न खोज्ने ? निश्चय पनि त्यो महिलामुक्तिका हिमायतीहरूका लागि पनि राम्रो कुरा हुनेछैन र हुँदैन नै । यतिबेला त्यतापट्टि ध्यान पुऱ्याउनु आवश्यक हुन्छ ।

# कपिलवस्तुमा मनाइयो मानव बेचबिखनविरुद्धको १६औँ अन्तर्राष्ट्रिय दिवस



अजय मिश्र/मध्यान्ह
कृष्णनगर, २० भदौ

कपिलवस्तुको कृष्णनगर नगरपालिकाको आयोजनामा मानव बेचबिखन ओसारपसार विरुद्धको १६ औं राष्ट्रिय दिवस भव्यताका साथ मनाइएको छ । 'तिनै तहको सरकारः मानव बेचबिखन विरुद्धको सरोकार भन्ने मुल नाराका साथ दिवस मनाइएको हो ।

कार्यक्रममा बोल्दै कृष्णनगर नगरपालिका महिला बालबालिका शाखा प्रमुख थुमादेवी उपाध्यायले मानव बेचबिखन तथा ओसार पसार गर्नेका विरुद्धमा कानून दरिलो भएपनि कार्यान्वयन पक्ष फितलो हुँदा समस्या देखिएको बताइन् । मानव बेचबिखनको स्वरूप र बाटोहरू परिवर्तन भएकोले त्यसै अनुसार नियन्त्रणका लागि कदम चलाउनुपर्ने उनको भनाइ थियो । बेचबिखनमा बढी महिला पीडित हुने गरेको भन्दै उनले यसको न्यूनीकरणमा महिला नै जागरूक हुनुपर्ने बताइन् ।

त्यस्तै, कार्यक्रममा सम्बोधन गर्दै लिङ्क गेट प्रहरी चौकीका प्रमुख खिम बहादुर जिसीले मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रणको लागि सक्दो सहयोग गर्ने बताए । मानव बेचबिखन नियन्त्रणका लागि प्रहरीको एकल प्रयास प्रयाप्त नहुने भएकाले स्थानीय निकाय, युवा क्लबल गायतका संघ संस्थाहरु एकजुट भएर लाग्नु पर्ने बताए । मानव बेचबिखन तथा ओसारपसार देशकै ठूलो समस्या भएकाले यसलाई निर्मूल गर्नका लागि सबै लाग्नु पर्ने उनको भनाइ थियो ।

त्यस्तै, कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघका सदस्य दिपक भण्डारीले सामाजिक सञ्जाल तथा मोबाइलको दुरुपयोग गर्दै महिला दिदीबहिनीहरूलाई विभिन्न बहानामा भारत तथा तेस्रो मुलुक पुऱ्याएर शोषण गर्ने गरेको बताए ।

न्यूनीकरणको लागि विभिन्न संघ संस्थाले प्रयास गरिरहेको भएपनि खुल्ला सीमाका कारण बेचबिखन बढ्दो रहेको उनले चिन्ता व्यक्त गरे । शिक्षा र रोजगारीको सिर्जना भएमा बेचबिखनमा धेरै कमि आउन उनले बताए ।

कार्यक्रममा मानव बेचबिखन विरुद्धको अभियानमा प्रतिबद्धता जनाउदै उपस्थित सबैले हस्ताक्षर गरेका छन् । कार्यक्रममा शान्ति पुनर्स्थापना गृहको प्रमुख बसन्ती जिसी, साना हातहरु नेपालको परामर्श दाता भिमा परियार, आफन्त नेपालको परामर्श दाता पुजा खड्गी, माइती नेपालका जिल्ला संयोजक विकास श्रीवास्तव लगायतको उपस्थिती रहेको थियो । संज्ञा अधिकारीको स्वागत मन्तव्य रहेको कार्यक्रमलाई शृजना गौतमले सञ्चालन गरेकी थिइन् ।

# सर्लाही ४ बाट गगन थापा सिफारिस



लक्ष्मण यादव/मध्यान्ह
सर्लाही, २० भदौ

नेपाली कांग्रेसका महामन्त्री गगन थापाको नाम सर्लाही निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ सिफारिस भएको छ । सर्लाही ४ प्रदेश (क) र (ख) क्षेत्रले आइतबार प्रतिनिधिसभा सदस्यका लागि नेता थापाको एकल नाम सिफारिस गरेको थियो । सोही सिफारिसलाई सोमबार कांग्रेस सर्लाही ४ क्षेत्रीय कार्यसमितिले अनुमोदन गरेर प्रदेश कार्यसमितिलाई पठाएको कांग्रेस सर्लाहीको सभापति सुरेन्द्र प्रसाद सिंहले जानकारी दिए ।

आइतबार कांग्रेस सर्लाही ४ प्रदेश (क) र (ख) क्षेत्रीय समितिले महामन्त्री गगन थापालाई संघीय सांसदको उम्मेदवार सिफारिस गरेको थियो । सोही नामलाई सोमबार ४ नम्बर क्षेत्रीय कार्यसमितिले सर्वसम्मत सिफारिस गरी प्रदेश कार्यसमितिलाई पठाएको छ ।

युवा नेता गगन थापालाई सर्लाही ४ का जनताले चुनाव लड्न माग गरेका छन् । जनताको माग भएकैले उहाँको एकल नाम सिफारिस भएको हो,' सिंहले भने । सर्लाही ४ मा संघीय सांसद कांग्रेसकै अमरेशकुमार सिंह छन् । तर, उनको नाम सिफारिसमा परेन । केही समयदेखि उनी कांग्रेस जिल्ला कार्यसमितिका सदस्यहरूको सम्पर्कमा समेत छैनन् ।

यस्तै, सर्लाही ४ (क) प्रदेशमा प्रत्यक्षतर्फ वीरेन्द्रकुमार सिंहको नाम सर्वसम्मत सिफारिस भएको छ । सोही क्षेत्रको समानुपातिकमा युवा नेता रघु कार्कीको नाम पनि सिफारिस भएको सिंहले जानकारी दिए । (ख) मा प्रत्यक्षतर्फ अशोककुमार सिंहलगायत पाँचजनाको नाम सिफारिस गरेको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०५/२१

यस कम्पनीको मिति २०७९/०५/०४ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **मुलुक मिडिया प्रा.लि. (प्रा.लि. नं. १३५६४५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/१९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मुलुक टेक्नोलोजिज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०५/२१

यस कम्पनीको मिति २०७९/०५/०७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **बुलन्द प्याथोलोजि प्रा.लि. (प्रा.लि. नं. १६५२४३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/१६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बुलन्द हेल्थ केयर एण्ड प्याथोलोजी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०५/२१**

**एम.आई.टि ग्रुप फाउन्डेशन कमपनी प्रा.लि.** को मिति २०७९/०४/१६ गते मा सम्पन्न एकल शेयरधनीको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एम.आई.टि ग्रुप फाउन्डेशन प्रा.लि. (प्रा. लि. नं.: १२१५९३)**, कायम गर्ने गरी मिति २०७९/०५/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगार | कम्पनीः NISREEN MUHAMMAD YAHYA HAMLI TRADING EST

शहरः TAIF

पूर्व स्वीकृत मितिः २०७९/०५/१९ | चलानी नं.: ६०१८६८७३ | LT. No.:271054

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Elevator Mechanical Tech | 1 | 0 | स. काममा दक्ष | 2000 | ६७,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २८ गते (13 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल रायन इन्टरप्राइजेज प्रा. लि.** श्रम इजाजत नं. ४१६/०७०/०७१
पो.ब.नं. ५०९१, अनामनगर, काठमाडौं, नेपाल, फोनः ४७७१०१३
मोः ९८५१०७०१९५, Email: alryannepal@gmail.com

## साउदीमा रोजगार | कम्पनीः HASSAN ALI AL HUNAIDI GENERAL CONTRACTING EST.

शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०४/३० | चलानी नं.: ६०१८४४७१ | LT. No.:269576 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 38 | 0 | स. काममा दक्ष | 1000 | ३३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ २८ गते (13 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्लु बर्ड ओभरसिज प्रा. लि.** License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४५३६८०२, ४५३८६३४, ४५३८९३५ मो.: ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com

## MAURITIUS मा रोजगार | कम्पनीः CHINA JIANGSU CONSTRUCTION GROUP CORP.

शहरः Mauritius

पूर्व स्वीकृत मितिः २०७९/०५/२० | चलानी नं.: ६०१८६९४९ | LT. No.: 271111

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 43 | 0 | सम्बन्धित काममा दक्ष | 16400 | ४६,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 4 | 0 | | 20000 | ५७,००० | | | | | | | |
| 3. | Diesel Mechanic | 1 | 0 | | 16400 | ४६,७४० | | | | | | | |
| 4. | Excavator Operator | 2 | 0 | | 16400 | ४६,७४० | | | | | | | |
| 5. | Lorry Driver | 3 | 0 | | 16400 | ४६,७४० | | | | | | | |
| 6. | Mason | 67 | 0 | | 16400 | ४६,७४० | | | | | | | |
| 7. | Mobile Crane Operator | 1 | 0 | | 16400 | ४६,७४० | | | | | | | |
| 8. | Steel Fixer | 32 | 0 | | 16400 | ४६,७४० | | | | | | | |
| 9. | Tile Mason | 7 | 0 | | 16400 | ४६,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २८ गते (13 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल अयुनी ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. १००५/०६८/६९
पो.ब.नं. ३६५४, कोटेश्वर-३२ (CCRC College सँगै) काठमाडौं, फोन : ०१-५१००५०२, ९८०३२१००४१, ९८१४७७८३७१, ९८१९७७९८६७, Email : cv@alayuni.com.np

## ROMANIA मा वैदेशिक रोजगारको अवसर

कम्पनीः K.L. KOKIRI LAND SRL | शहरः Bucharest

पूर्व स्वीकृत मितिः २०७८/०३/३१ | चलानी नं.: ६०१६१०८७ | LT. No.: 241957 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason (General) | 4 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७०,०५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 550 | ७०,०५९ | | | | | | | |
| 3. | Plumber | 1 | 0 | | 550 | ७०,०५९ | | | | | | | |
| 4. | Locksmith Workers | 10 | 0 | | 550 | ७०,०५९ | | | | | | | |
| 5. | Kitchen Helper | 10 | 10 | | 550 | ७०,०५९ | | | | | | | |
| 6. | Cleaner | 10 | 10 | | 550 | ७०,०५९ | | | | | | | |
| 7. | Cook | 10 | 0 | | 600 | ७६,४२८ | | | | | | | |
| 8. | Bekary | 10 | 0 | | 550 | ७०,०५९ | | | | | | | |
| 9. | Babysitter | 0 | 10 | | 550 | ७०,०५९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ भदौ २८ र २९ गते (13 & 14 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Alliance Human Resources Pvt. Ltd.** Govt. Licence: 690/063/064
P.O.Box : 13612, Sinamangal, Kathmandu, Nepal | Tel. No.: 01-4491791, 4487850, 4494627 | Email:- inquiry@alliancenepal.com | Website: www.alliancenepal.com
Sajan Rai:9801086091 | Amit Syangba:9801086092 | Keshab Lamichhane:9880902201

## मलेसियामा रोजगार | १. कम्पनीः AC TEAM COLLECTION SDN BHD

शहरःPENANG

पूर्व स्वीकृत मितिः २०७९/०५/२० | चलानी नं.: ६०१८६९५४ | LT. No.: 271002

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Storage Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः H.O.T. REE INDUSTRIES (M) SDN BHD | शहरःHUTAN MELINTANG

पूर्व स्वीकृत मितिः २०७९/०५/२० | चलानी नं.: ६०१८६९५५ | LT. No.:271003

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २८ गते (13 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

## कतार र युएईमा रोजगार | १. कम्पनी : AL SHEFA HOME CARE

शहरः Qatar,DOHA

पूर्व स्वीकृत मितिः २०७९/०४/०८ | चलानी नं.: ६०१८३७८५ | LT. No.: 267809 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse | 0 | 10 | स. काममा दक्ष | 4200 | १४६,०३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः GLOBAL LIMOUSINE SERVICES | शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०१/१९ | चलानी नं.: ६०१७८८३५ | LT. No.: 262527 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 6 | 0 | स. काममा दक्ष | 2200 | ७६,४९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः GHROUP CLEANING | शहरः Qatar

पूर्व स्वीकृत मितिः २०७९/०१/०७ | चलानी नं.: ६०१७८१६३ | LT. No.: 261893 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 31 | 0 | स. काममा दक्ष | 1000 | ३४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः PRIME COMPANY | शहरः Qatar

पूर्व स्वीकृत मितिः २०७८/०३/१३ | चलानी नं.: ६०१५९२९९ | LT. No.: 241558 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४५,२०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३४,७७० | | | | | | | |
| 3. | Salesman | 2 | 0 | | 2000 | ६९,५४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २७ गते (13 September 2022) मा हुनेछ ।

५. कम्पनीः TMAX ON DEMAND LABORS SUPPLY | शहरः Dubai

पूर्व स्वीकृत मितिः २०७९/०५/०९ | चलानी नं.: ६०१८६१५३ | LT. No.: 270319 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 12 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,६१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Messenger | 27 | 0 | | 1000 | ३४,६८० | | | | | | | |

अन्तर्वार्ता विश्राम खाजा घर, पोखरामा २०७९ भदौ २७ गते (13 September 2022) मा हुनेछ ।
अन्तर्वार्ता खुकुरी होटल, ईटहरीमा २०७९ भदौ २८ गते (14 September 2022) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २९ गते (15 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.** श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

## साउदीमा रोजगार | १. कम्पनीः SAUDI BONYAN JOINT STOCK CO

शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०३/२४ | चलानी नं.: ६०१८२८७८ | LT. No.: 267055 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ४०,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः ROAD EXPERTS LOGISTICS COMPANY | शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/१२/२१ | चलानी नं.: ६०१७७२०२ | LT. No.: 260798 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 6 | 0 | स. काममा दक्ष | 1800 | ६०,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः AL-OTHMAN AGRI. PROD. & PROC. CO (NADA) | शहरः AL KHOBAR

पूर्व स्वीकृत मितिः २०७९/०१/१५ | चलानी नं.: ६०१७८६८० | LT. No.:262428 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dairy Product Sales | 25 | 0 | | 1500 | ५०,८२० | | | | | | | |
| 3. | General Labor | 13 | 0 | | 1000 | ३३,८८० | | | | | | | |
| 4. | Light Driver | 13 | 0 | | 1500 | ५०,८२० | | | | | | | |
| 5. | Loading And Unloading Labor | 10 | 0 | | 1000 | ३३,८८० | | | | | | | |
| 6. | Sales Assistant | 8 | 0 | | 1000 | ३३,८८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ भदौ २८ गते (13 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

